**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा आचार्य विद्यानन्द जी महाराज शताब्दी समारोहको उद्घाटन गर्नु हुनेछ।

२. गृहमन्त्री अमित शाहले हिजो गान्धीनगरस्थित इन्फ्लिबनेट सेन्टर फर इन्फर्मेसन एण्ड लाइब्रेरी नेटवर्कको भ्रमण गर्नुभयो। उहाँले सस्तु साहित्य वर्धक कार्यालय मोबाइल एप पनि सुरु गर्नुभयो।

३. अपरेशन सिन्धु अन्तर्गत, हालसम्म चार हजार चार सय 15 भारतीय नागरिकहरुलाई स्वदेश फिर्ता ल्याइएको छ।

४. निर्वाचन आयोगको टोलीले बिहारका धेरै जिल्लाहरूमा छुट्टाछुट्टै बैठकहरू आयोजना गरी राज्यमा आगामी विधानसभा चुनावको लागि गहन छलफल गरेको छ।

५. मौसम विज्ञान विभागले आगामी ७ दिनमा उत्तर पश्चिम, मध्य, पूर्व र उत्तर पूर्वी भारतमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको बताएको छ।

**प्रधानमन्त्री - आचार्य**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा आचार्य विद्यानन्द जी महाराज शताब्दी समारोहको उद्घाटन गर्नु हुनेछ। यस अवसरमा उहाँले जनतालाई सम्बोधन पनि गर्नुहुनेछ। यो कार्यक्रम भगवान महावीर अहिंसा भारती ट्रस्टसँगको सहकार्यमा आयोजना गरिएको हो। आचार्य विद्यानन्द जैन समुदायका एक सम्मानित आध्यात्मिक नेता र समाज सुधारक थिए। उनको १०० औं जन्म जयन्तीमा आयोजित श्रद्धांजलि समारोह एक वर्षसम्म चल्नेछ। यस अवधिमा देशभर सांस्कृतिक, साहित्यिक, शैक्षिक र आध्यात्मिक कार्यक्रमहरू आयोजना गरिनेछ।आचार्य विद्यानन्द जी महाराजले जैन दर्शन र नैतिकतामा ५० भन्दा बढी कृतिहरू लेख्नुभएको छ। उहाँले प्राकृत, जैन दर्शन र शास्त्रीय भाषाहरूमा पनि काम गर्नुभयो। देशमा जैन मन्दिरहरूको पुनर्निर्माणमा उनको भूमिका महत्त्वपूर्ण रहेको छ।

**अमित शाह-गुजरात भ्रमण**

गृहमन्त्री अमित शाहले हिजो गान्धीनगरस्थित इन्फ्लिबनेट सेन्टर फर इन्फर्मेसन एण्ड लाइब्रेरी नेटवर्कको भ्रमण गर्नुभयो। यस क्रममा उहाँले पुस्तकालयहरूको विकासको समीक्षा गर्नुभयो। सामाजिक सञ्जालमा एक पोस्टमा श्री शाहले भन्नु भयो, इन्फ्लिबनेटले पुस्तकालयहरूलाई अत्याधुनिक प्रविधिसँग जोडेर निरन्तर सुधार गरिरहेको छ।गृहमन्त्रीले सस्तु साहित्य वर्धक कार्यालय मोबाइल एप पनि सुरु गर्नुभयो। यो एप पुस्तक प्रेमीहरूका लागि धेरै लाभदायक साबित हुने अपेक्षा गरिएको छ किनकि उनीहरूले यसको माध्यमबाट आफ्ना मनपर्ने पुस्तकहरू पहुँच गर्न सक्छन्।

**पश्चिम बंगाल - सामूहिक दुष्कर्म घटना**

कोलकाताको एक ल कलेजमा एक छात्रामाथि भएको सामूहिक दुष्कर्मपछि पश्चिम बंगालको राजनीतिक वातावरण निकै तनावपूर्ण बनेको छ। कोलकाता पुलिसले यस घटनामा हालसम्म दुई विद्यार्थीसहित तीनजनालाई पक्राउ गरिसकेको छ।

उनीहरूलाई १ जुलाईसम्म पुलिस हिरासतमा राखिएको छ।यस घटनालाई लिएर विपक्षी दलहरूले राज्यभर विरोध प्रदर्शन गरिरहेका छन्। विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता ब्यानर्जीको राजीनामा माग गर्नु भएको छ। कांग्रेस र वामपन्थी दलहरूले पश्चिम बंगालमा अराजकता रहेको बताएका छन्। आज कोलकाता र राज्यका अन्य ठाउँहरूमा विभिन्न विरोध प्रदर्शनको योजना बनाइएको छ।राष्ट्रिय महिला आयोगले यस घटनाको स्वीकृति लिएको छ र कोलकाता पुलिस आयुक्तलाई ७२ घण्टाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ। यो घटना बंगालमा आरजीकर बलात्कार र हत्या घटना भएको एक वर्षभन्दा कम समयपछि भएको हो।

**एनसीडब्ल्यू - कोलकाता**

कोलकाताको एक कलेजमा कानूनकी छात्रामाथि भएको सामूहिक दुष्कर्मको घटनाको राष्ट्रिय महिला आयोगले आफैंले जानकारी लिएको छ। आयोगले कोलकाता पुलिस आयुक्तलाई पत्र लेख्दै घटनाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ र तीन दिनभित्र कारबाहीको प्रतिवेदन माग गरेको छ।यसैबीच, सामूहिक दुष्कर्म घटनाका प्रमुख अभियुक्तमध्ये एक मोनोजित मिश्रालाई तृणमूल कांग्रेसको विद्यार्थी नेताको रूपमा पहिचान गरिएपछि हिजो कोलकाताभर विरोध प्रदर्शन भएको थियो। वामपन्थी समर्थित विद्यार्थी समूहहरूले मुद्दा दर्ता भएको कसबा पुलिस थाना घेराउ गरेका थिए। विपक्षी दलहरूले ममता ब्यानर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेस सरकारको आलोचना गरेका छन् र सत्तारुढ दलका नेताहरू र आपराधिक तत्वहरू बीचको साँठगाँठको आरोप लगाएका छन्। पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीले तृणमूलका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जी र अन्य नेताहरूसँग मिश्राको तस्बिरहरू साझा गरेका छन्। यस घटनामा दुई वर्तमान विद्यार्थी र ल कलेजका एक पूर्व विद्यार्थीसहित तीनजनालाई पक्राउ गरिएको छ। अभियुक्तहरूलाई १ जुलाईसम्म पुलिस हिरासतमा राखिएको छ।

**अपरेशन सिन्धु**

अपरेशन सिन्धु अन्तर्गत, हालसम्म चार हजार 415 भारतीय नागरिकहरुलाई स्वदेश फिर्ता ल्याइएको छ। इरानबाट तीन हजार पपाँच सय 97 र इजरायलबाट ८१८ जनालाई विशेष उडानबाट स्वदेश फिर्ता ल्याइएको छ। विदेश मन्त्रालयले १४ ओसीआई कार्ड धारक, ९ नेपाली नागरिक, ४ श्रीलंकाली नागरिक र एक भारतीय नागरिकलाई पनि इरानबाट सुरक्षित रूपमा बाहिर निकालिएको बताएको छ। भारतीय नागरिकहरूमा एक हजार पाँच सयभन्दा बढी महिला र पाँच सय बालबालिका सामेल छन्।

**बिहार - निर्वाचन आयोगको टोली**

निर्वाचन आयोगको टोलीले हिजो बिहारका धेरै जिल्ला मुख्यालयहरूमा छुट्टाछुट्टै बैठकहरू आयोजना गरी राज्यमा आगामी विधानसभा चुनावको लागि सञ्चालन भइरहेको विशेष गहन समीक्षाको बारेमा छलफल गरेको छ। यस समीक्षाको लागि, मतदाताहरूलाई बुथ लेभल अफिसर अर्थात् बीएलओमार्फत घर-घरमा गएर प्रमाणित गर्नु पर्नेछ। वरिष्ठ उप-निर्वाचन आयुक्त मनीष गर्गले भन्नु भयो, मतदाताहरूले ईसीआई-नेट एपमार्फत आफ्ना समस्याहरूको समाधान प्राप्त गर्न सक्नेछन् र यस एपमा बीएलओसँग कुरा गर्ने विकल्प थपिएको छ।निर्वाचन आयोगका सल्लाहकार एन एन बुटोलियाले पटनामा मुख्य निर्वाचन अधिकारी विनोद सिंह गुन्जियाल र पटना र मगध डिभिजनका अधिकारीहरूसँग बैठक गर्नु भयो।निर्वाचन आयोगको टोलीको राज्यमा तीन दिने भ्रमण पनि हिजो नै सम्पन्न भयो।

**एमडीएल - कोलम्बो डकयार्ड**

युद्धपोत र पनडुब्बी निर्माण गर्ने देशको सबैभन्दा ठूलो सरकारी कम्पनी, माजागन डक शिपबिल्डर्स लिमिटेडले श्रीलंकाको कोलम्बो डकयार्ड PLC को स्वामित्व प्राप्त गर्ने निर्णय गरेको छ। यसका लागि, दुई पक्षहरू बीच 5 करोड़ डलरभन्दा बढीको सम्झौतामा हस्ताक्षर भएको छ। यो पहिलो पटक हो कि माजागन डकले अर्को देशबाट कम्पनी प्राप्त गरेको छ। यसलाई

क्षेत्रीय समुद्री शक्तिको रूपमा माजागन डकको उदयको रूपमा हेरिएको छ। भारत र श्रीलंकाका जहाज निर्माण कम्पनीहरू बीचको यो सम्झौता यस्तो समयमा भएको हो जब श्रीलंकामा चीनको बढ्दो रणनीतिक प्रभावको बारेमा भारतमा निरन्तर चिन्ता व्यक्त गरिँदै थियो। कोलम्बो डकयार्ड PLC श्रीलंकाको सबैभन्दा ठूलो शिपयार्ड हो।

**आन्ध्र प्रदेश - पर्यटन टेक कन्क्लेभ**

आन्ध्र प्रदेश सरकारले ग्लोबल फोरम फर सस्टेनेबल टुरिज्म - **जी.एफ.एस.टी**सँगको सहकार्यमा हिजो विजयवाडामा टुरिज्म टेक एआई २.० कन्क्लेभ आयोजना गऱ्यो। कार्यक्रममा पर्यटन नेतृत्वको विकास र आन्ध्र प्रदेशलाई दिगो, सांस्कृतिक, तटीय र स्वास्थ्य पर्यटनको विश्वव्यापी केन्द्रको रूपमा स्थापित गर्ने बारेमा छलफल भएको थियो। सम्मेलनमा मुख्यमन्त्री एन चन्द्रबाबु नायडू प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो।सम्मेलनमा सहभागी प्रख्यात योग गुरु तथा उद्यमी बाबा रामदेवले आन्ध्र प्रदेशको पर्यटन नीतिको प्रशंसा गर्दै यसलाई देशको सबैभन्दा आकर्षक नीतिहरू मध्ये एक भन्नु भयो। उहाँले मुख्यमन्त्री चन्द्रबाबु नायडूलाई दूरदर्शी व्यक्तिको रूपमा वर्णन गर्नु भयो र रचनात्मकता, उत्पादकत्व र दक्षता प्रवर्द्धन गरेकोमा उहाँको नेतृत्वको प्रशंसा गर्नु भयो।आन्ध्र प्रदेशका रमणीय स्थलहरूको सन्दर्भमा, बाबा रामदेवले राज्यको पर्यटन सर्किटमा योग, आयुर्वेद र प्राकृतिक चिकित्सालाई एकीकृत गर्ने सम्भावनालाई जोड दिनु भयो। उहाँले पतञ्जलिले आन्ध्र प्रदेशमा स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने योजना बनाएको घोषणा गर्नु भयो। बाबा रामदेवले आन्ध्र प्रदेश पर्यटनको लागि ब्रान्ड एम्बेसडरको रूपमा पनि सेवा गर्ने प्रस्ताव राख्नु भयो।

**फडणवीस - गणेश मूर्ति विसर्जन**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले प्लास्टर अफ पेरिस - **पी.ओ.पी.** - बाट बनेका ठूला गणेश मूर्तिहरूको परम्परा अनुरूप विसर्जन सम्बन्धी दीर्घकालीन पर्यावरणमैत्री नीति बनाउन अधिकारीहरूलाई निर्देशन दिनु भएको छ। पर्यावरणमैत्री चाडपर्वहरूलाई प्रवर्द्धन गर्न सह्याद्री गेस्ट हाउसमा आयोजित उच्चस्तरीय बैठकमा यो निर्देशन दिइएको थियो।**पी.ओ.पी.** मूर्ति विसर्जन सम्बन्धी न्यायलयको निर्देशनको जवाफमा, राज्यले राजीव गान्धी विज्ञान तथा प्रविधि आयोगबाट प्रतिवेदन मागेको थियो र यसको सिफारिसहरूको आधारमा, मुख्यमन्त्रीले ठूला मूर्तिहरूको गहिरो समुद्रमा विसर्जनको सम्भाव्यता अध्ययन गर्न र यो वैज्ञानिक रूपमा समर्थित समाधान अदालतमा प्रस्तुत गर्न जोड दिनु भएको छ।मुख्यमन्त्रीले विसर्जनपछि समुद्र तट सफा गर्न प्रभावकारी उपायहरूको आवश्यकतामा पनि जोड दिनु भयो र मूर्ति निर्माणमा पर्यावरणमैत्री सामग्री र प्राकृतिक रंगहरूको प्रयोगलाई प्रोत्साहित गर्नु भयो।

**मौसम**

मौसम विज्ञान विभागले आगामी २ देखि ३ दिनमा देशको बाँकी भागमा दक्षिण पश्चिम मनसुन अगाडि बढ्नको लागि अनुकूल अवस्थाको पूर्वानुमान गरेको छ। मौसम विज्ञान विभागका अनुसार, आगामी ७ दिनमा उत्तर पश्चिम, मध्य, पूर्व र उत्तर पूर्वी भारतमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना छ। यी मौसमी अवस्थाहरू आज गुजरात, केरला, माहे, मध्य महाराष्ट्र र उत्तराखण्डमा रहनेछन्। मौसम विभागले आगामी २ देखि ३ दिनमा पञ्जाब, हरियाणा, हिमाचल प्रदेश, उत्तराखण्ड, पूर्वी राजस्थान, पश्चिम राजस्थान र जम्मू र कश्मीरका केही भागहरूमा भारी वर्षा हुने पनि पूर्वानुमान गरेको छ। यी अवस्थाहरू मध्य प्रदेश, छत्तीसगढ, ओडिशा, झारखंड, बिहार, पश्चिम बंगाल र सिक्किममा पनि अर्को महिनाको ३ तारिखसम्म रहनेछन्।